# देवानगञ्ज गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## देवानगञ्ज, सुनसरी
### १ नं. प्रदेश, नेपाल

## करार सेवामा कर्मचारी आवश्यकता सम्बन्धी सुचना

**(प्रथम पटक प्रकाशित मिति : २०७८/०८/१६)**

भूमी व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयको च.नं.८५ मिति २०७८/०७/०८ गतेको प्राप्त पत्रानुसार गरिब घर पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम अन्तर्गत यस देवानगञ्ज गाउँपालिकाका लागि देहाय बमोजिमका पदमा करार सेवामा पदपुर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सुचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित दरखास्त दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**१. आवश्यक पदको विवरण :**

| क्र.स. | बिज्ञापन नं. | पद | आवश्यक संख्या | सेवाको प्रकृति | कैफियत |
|---|---|---|---|---|---|
| १. | ०२-०७८/०७९ | सुपरीवेक्षक (सहायक पाँचौ) | १ | करार | |
| २. | ०३-०७८/०७९ | गणक (सहायक चौथो) | ५ | करार | |

**२. आवश्यक न्यूनतम शैक्षिक योग्यता :-**

- **सुपरिवेक्षकको हकमा** :- मान्यता पाप्त शिक्षण संस्थाबाट तथ्याङ्क वा जनसंख्या वा अर्थशास्त्र वा गणित विषय सहित कुनै विषयमा कम्तिमा स्नातक तह वा सो सरह उतीर्ण गरेको र कम्प्यूटर सम्बन्धी आधारभूत ज्ञान भएको ।
- **गणकको हकमा** :- मान्यता पाप्त शिक्षण संस्थाबाट तथ्याङ्क वा जनसंख्या वा अर्थशास्त्र वा गणित विषय सहित कुनै विषयमा कम्तिमा प्रमाणपत्र तह (१०+२) वा सो सरह उतीर्ण गरेको र कम्प्यूटर सम्बन्धी आधारभूत ज्ञान भएको ।

**३. आवेदन साथ संलग्न गर्नु पर्ने कागजातहरु** :- आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपी :

- नेपाली नागरिकता ।
- न्युनतम शैक्षिक योग्यताको लब्धांक प्रमाणपत्र ।
- चारित्रिक प्रमाणपत्र ।
- दुई प्रति पासपोर्ट साईजको फोटो ।
- कम्प्यूटर सम्बन्धी आधारभूत तालिम लिएको प्रमाणपत्र ।

४. **उमेरको हद** :- दरखास्त बुझाउने अन्तिम मिति सम्ममा १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको ।

५. **दरखास्त फाराम बुझाउने स्थान** :- देवानगञ्ज गाउँपालिका, गाउँ पालिकाको कार्यालय, देवानगञ्ज-२, सुनसरी । रितपुर्वक दरखास्त फाराम भरी यस देवानगञ्ज गाउँपालिका कार्यालयमा बुझाउनु पर्नेछ । रित नपुर्याई आएको दरखास्त उपर कुनै कारवाही हुने छैन ।

६. **दरखास्त दस्तुर बुझाउने स्थान** :- देवानगञ्ज गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, देवानगञ्ज-२, सुनसरी को NIC Asia बैंक, ईनरुवा शाखामा रहेको आन्तरिक राजस्व खाता नं.२४३२०५००२६४५५००७ मा दस्तुर बुझाई सो को सक्कलै रसिद दरखास्त फाराम साथ पेश गर्नु पर्नेछ ।

७. **दरखास्त फारम पाईने स्थान** :- देवानगञ्ज गाउँ कार्यपालिकाको कार्यालय, प्रशासन शाखा वा देवानगञ्ज गाउँ कार्यपालिकाको उकार्यालयको वेबसाइट www.dewanganjmun.gov.np बाट प्राप्त गर्न सकिने छ ।

८. **दरखास्त दिने अन्तिम मिति** :- २०७८/०९/०१ गते सम्म, सो दिन सार्वजनिक विदा परेमा भोलिपल्ट कार्यायल समय सम्म

९. **छनौट प्रक्रिया** :- लिखित तथा मौखिक परिक्षाको माध्यमबाट ।

१०. **करार सेवा अवधी** :- ५ महिना ।

११. **दरखास्त दस्तुर** :- रु.६००।०० (छ सय) मात्र ।

१२. **सम्पर्क मिति** :- २०७८/०९/०१

१३. **परिक्षा मिति** :- सम्पर्क मितिको दिन तोकिने छ ।

१४. **सेवा सुविधा** :- गरिव परिवार पहिचान तथा परिचयपत्र वितरण निर्देशिका, २०७५ बमोजिम ।
थप जानकारीका लागि यस देवानगञ्ज गाउँ कार्यपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

२०७८/०८/१६

चुडामणी गुरागाई
प्रमुख प्रशासकीय अधिकृत